**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १५ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- भारतीय अंतरिक्ष यात्री शुभांशु शुक्ला र एक्सिओम-4 चालक दल ऐतिहासिक अंतरिक्ष मिशन पछि आज सुरक्षित पृथ्वीमा फर्किएका छन्।

- मुख्यमंत्री ममता बनर्जीले राज्यामा भइरहेको लगातार वर्षा तथा भूटानका नदीहरूबाट आउने पानिले गर्दा उत्तर बंगालमा बाढीको गम्भीर स्थितिलाई लिएर आज एउटा उच्च स्तरीय बैठक गर्नु भयो।

- छांगुर बाबाले पश्चिम बंगालका सीमावर्ती जिल्लाहरूमा इस्लामिक राष्ट्रको आधार तयार गर्ने प्रयासस्वरूप हिन्दू देवी-देवताविरुद्ध सामग्री प्रचार गर्ने योजना बनाएका ठूलो खुलासा भएको छ।

- रातभरीको मुसलधारे पानीको कारण दार्जीलिङको लुइस जुबली कम्पलेक्सका सरकारी क्वाटरमा बस्ने १० परिवार पहिरोको चपेटमा परेका छन् ।

- मौसम विभागले दार्जीलिङ, कलेबुंग कुचबिहार लगायत उत्तर बंगलकका विभिन्न जिल्लाहरुमा आगामी 20 जुलाई सम्म अविरल वर्षा हुने अनुमान व्यक्त गरेको छ|

**एक्सिओम-लैंडिंग**

भारतीय अन्तरिक्ष यात्री शुभांशु शुक्ला र एक्सिओम-4 मिसनका अन्य तीन चालक दलका सदस्यहरू अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा आफ्नो 18 दिने ऐतिहासिक मिसन पछि सुरक्षित रूपमा पृथ्वीमा फर्किएका छन्। स्पेसएक्स ड्रयागन अन्तरिक्ष यान आज दिउँसो अमेरिकाको क्यालिफोर्नियाको सैन डिएगोको तटबाट प्रशान्त महासागरमा अवतरण गर्यो। अब चालक दल पृथ्वी के गुरुत्वाकर्षण के अनुकूल होने के लिए सात दिन के पुनर्वास कार्यक्रम से गुजरेगा। अब चालक दल पृथ्वीको गुरुत्वाकर्षणमा अनुकूल हुन सात दिनको पुनर्वास कार्यक्रममा रहनेछ। मिसनको अन्तरिक्ष यात्रा 25 जूनमा सुरु भएको थियो, जब ड्रयागन अंतरिक्ष क्याप्सुललाई लिएर गएको फाल्कन-9 रकेट फ्लोरिडाबाट अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनको लागि प्रस्थान गरेको थियो।ग्रुप क्याप्टेन शुक्ला अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनको भ्रमण गर्ने पहिलो भारतीय र 1984 मा अन्तरिक्षमा गएका विंग कमाण्डर राकेश शर्मा पछि दोस्रो भारतीय अन्तरिक्ष यात्री हुन्। आफ्नो प्रवासको क्रममा, शुभांशु शुक्लाले विशिष्ट सूक्ष्म-गुरुत्वाकर्षण प्रयोग गरे।

**पीएम-शुभांशु**

प्रधानमन्त्री नरेन्द्र मोदीले अन्तरिक्ष यात्री शुभांशु शुक्लाको अन्तरिक्ष मिशनबाट सुरक्षित फिर्ताको सराहना गर्नुभएको छ। श्री मोदीले भन्नुभयो अन्तरिक्षबाट पृथ्वीमा उनको पुनरागमनको राष्ट्रले स्वागत गर्दछ। उहाँले भन्नुभयो ग्रुप क्याप्टेन शुभांशु शुक्लाको यस यात्राको क्रममा समर्पण र साहसको भावनाबाट लाखौं मानिसहरू प्रेरित भएका छन्। प्रधानमन्त्रीले यो देशको मानव अन्तरिक्ष उडान मिशन – गगनयानको दिशामा  एउटा कोशेढुङ्गा हो भनि बताउनु भयो।

**मुख्यमंत्री ममता बनर्जी**

मुख्यमंत्री ममता बनर्जीले राज्यामा भइरहेको लगातार वर्षा तथा भूटानका नदीहरूबाट आउने पानिले गर्दा उत्तर बंगालमा बाढीको गम्भीर स्थितिलाई लिएर आज एउटा उच्च स्तरीय बैठक गर्नु भयो। यो दबैठकमा गृहसचिव, डीजीपी, आपदा प्रबंधन अधिकारी सहित संबंधित जिल्लाहरूका डीएम एसपी सामेल थिए। सुश्री बनर्जीले बाढीको स्थिति देखी जुझ्न तथा राहत र बचाव कार्यहरूलाई तीव्र पार्ने कुरामाथि जोड दिनु भयो। उहाँले वर्षाकालमा भूटानबाट लगभग 27हजार लाख क्यूसिक मीटर पानि उत्तर बंगालमा आउने भएकोले, स्थिति झन भयावह हुने बताउनुभयो। उहाँले केन्द्र सरकार माथि आरोप लगाउँदै भन्नु भयो भारत बांग्लादेश झैं भारत भूटान जल आयोग गठित हुनु पर्छ भन्ने आशयका साथ केन्द्र सरकारलाई कैयन पल्ट पत्राचार गरिएता पनि केन्द्रले ठोस कदम चालेको छैन्। पश्चिम बंगालमा विशेष गरि उत्तर बंगाल, मध्य बंगालमा बर्षाले व्यापक क्षय क्षति हुने गर्छ, जसमा ज्यानमालको हानी पनि हुने गर्दाछ साथै लाखौं एकडको कृषि बाली नष्ट हुने गर्दछ।

## समिक भटचार्य

उत्तर बंगलको भ्रमणमा रहनुभएका भाजपा प्रदेश अध्यक्ष समिक भटचार्यले आज कुचबिहार जिल्लाको संगठनिक कर्यकर्ताहरु सँग भेटगर्नुभयो, साथै कर्यकर्ताहरु सम्बोधन गर्दै पश्चिम बागलमा हिन्दुहरु माथि भएको विभिन्न घटनाहरुको उल्लेख गर्नुहुदै पश्चिम बंगलकी मुख्यमन्त्री अनि राज्यको TMC सरकारको दुर्निती चर्म सिमामा पुगेको बताउनुभयो| पश्चिम बङ्गालमा भारतीय जनता पार्टीलाई नयाँ उर्जा प्रदान गर्न उहाँको यस भ्रमणलाई विशेष मानिएको छ| उहाँ तीन दीने उत्तर बंगाल भ्रमणमा आउनु भएको हो। प्रदेश अध्यक्ष बने पछि यो उहाँको पहिलो उत्तर बंगाल भ्रमण हो। भोली उहाँले सिलगढीमा आयोजित एक कार्यक्रममा दार्जिलिंग र कालेबुंग साथै जलपाईगुड़ी जिल्लाका कार्यकर्ताहरूलाई संबोधित गर्नु हुनेछ। उहाँलाई अभिनन्दन गर्ने कार्यक्रम पार्टी कार्यकर्ताहरूद्वारा प्रत्येक जिल्लामा गरिन्दैछ।

## पश्चिम बंगालको नगरपालिका नियुक्ति घोटाला

पश्चिम बंगालको नगरपालिका नियुक्तिमा भएको घोटालाको जाँच गरिरहेको केन्द्रिय जाँच ब्युरो (सीबीआई)-ले अब दक्षिण दमदम र बराहनगर नगरपालिकामा ध्यान केन्द्रित गरिरहेको छ। सीबीआई अधिकारीहरू अनुसार यी दुवै नगरपालिकाका 89 नियुक्ति फाइलहरू हराएका छन्। जाँच एजेन्सी अनुसार दक्षिण दमदम नगरपालिकाका अधिकारीहरूले बताए अनुसार, त्यसताक चेयरम्यान रहेका पाचु रायले नै यी मामिलाहरूको बारेमा जानकारी दिन सक्नेछन्। तथापि मंगलवार पाचु रायसित सम्पर्क गर्दा उनले ‘यस नियुक्तिसित आफ्नो कुनै सम्बन्ध रहेको’- कुरालाई पूर्ण रूपले खारेज गर्दै , “यी सबैकुरा धेरैअघि भएको हो।

## जलालुद्दीन

जलालुद्दीन उर्फ छांगुर बाबा जसले दुबईबाट कट्टर मौलाना बोलाएर बंगालसहित सीमावर्ती क्षेत्रमा धर्मान्तरणको प्रशिक्षण दिने गरेको ठूलो खुलासा भएको छ। उनले लेखेको पुस्तक शिजर-ए-तैयबा हिन्दू धर्मविरुद्ध घृणा फैलाउने उद्देश्यले नै तयार गरिएको देखिएको छ ।

## लुइस जुबली पहिरो

रातभरीको मुसलधारे पानीको कारण दार्जीलिङको लुइस जुबली कम्पलेक्सका सरकारी क्वाटरमा बस्ने १० परिवार पहिरोको चपेटमा परेका छन् । हिज राती लग भग 8:30 बजे उक्त क्षेत्रमा देवल भत्केर उक्त क्वाटरलाई नै क्षति पुगेको छ।कुनै ज्यानको खती नभए पनि सर सामानहरूको भने धेरै नै नष्ट भएको पीडितहरु ले बताएको छ। अचानक देवल भत्के पछि घरका सामानहरू समेत निकालनु नसकेको पीडितहरुले बताएको छ ।क्षेत्रका बासिन्दाहरूले धेरै बर्ष अघि देखि नै विभागलाई पहिरो जान सक्ने अवगत गराए पनि सम्बन्धतित निकाइले कुनै पहल नगरेको गुनासो पनि स्थानिय हरुले राखेका छन्। पीडितहरुको निम्ति हाल लाई अस्थायी रूपमा एक निजी होटलमा बस्ने व्यवस्था गरिएको जानकारी वार्ड नम्बर 17 का पार्षद नितेश गुरुङले दिएको छ ।

**मौसम**

कोलकाता सहित बंगालका कैयन जिल्लाहरूमा हिजो र आज भारी वर्षा भएको छ। मौसम विभाग अनुसार उत्तर पश्चिम बंगालको खाडीमा बनेको निम्नचाप अब गहिरो निम्नचापमा परिणत भएको छ र मनसुन पनि सक्रिय छ, जसका कारण आगामी केही दिनसम्म राज्यभरि भारी वर्षा र मेघगर्जनको सम्भावना छ।आज उत्तर बंगालदेखि दक्षिण बंगालसम्मका सबै जिल्लाहरूमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुने अनुमान गरिएको छ। उत्तर बंगालका जिल्लाहरु दार्जिलिङ, कालेबुङ, अलिपुरदुरवार, कुचबिहार र जलपाईगुडीमा पनि वर्षाको प्रभाव देखिनेछ। मौसम विभाग अनुसार 19 र 20 जुलाईसम्म यी जिल्लाहरुमा वर्षाको तीव्रता थप बढ्नेछ।

**सिलगढी शव**

सिलगढीको सालुगडा क्षेत्रको राज फाप्री नजिकैको जंगलमा आज एउटा अज्ञात शव भेट्टाइएको छ जुन शव सम्भवत गत १२ जुलाईको दिन हराएका डा लेन्डुप भोटियाको हुनसक्ने अनुमान गरिएको छ।

**मानेभञ्ज्याङ टङ्गलु रेञ्ज**

मानेभञ्ज्याङ टङ्गलु रेञ्ज सिङ्गलिला दक्षिण बन विभाग दार्जीलिङ डिवीजन अनि दार्जीलिङ वाइल्ड लाइभ डिवीजनको संयुक्त आयोजनामा वनमहोत्सव कार्यक्रम सम्पन्न भएको छ। टङ्गलु रेञ्ज अधिकारी दिगन्त मैति, सिङ्गलिला दक्षिणका रेञ्जर रोशन राई, एसएसबी एसिस्टेन्स सब इन्सपेक्टर प्रदिप कुमार, क्षेत्रिय अधिकारी डोमा शेर्पा आदिको उपस्थितिमा सम्पन्न कार्यक्रममा बस अनि चित्र बनाउ, मानेभञ्ज्याङ बजारलाई प्लास्टिक मुक्त बनाउन एउटा र्याली,को आयोजन गरिएको थियो। रेञ्ज स्तरिय बनमहोत्सव सप्ताह पालन हिज 14 जुलाईदेखि 20 जुलाईसम्म हुने वनमहोत्सवको कार्यक्रम तालिका अनुसार आज दोस्रो दिन मानेभञ्ज्याङ उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई लिएर वनसंरक्षण र वनसंरक्षणको बस अनि चित्र बनाउ प्रतियोगिता अनि जाइका परियोजना र जाइका योजनाद्वारा विभिन्न क्षेत्रका जेएफएमसी तथा क्षेत्र विकासितका कार्य आदि सम्बन्धित जागरूकता कार्यक्रम, पुरस्कार वितरण पछि विद्यालयका विद्यार्थीहरू, विभिन्न वन क्षेत्र अन्तर्गत जेएफएमसी कमिटिका सदस्य, वन विभाग कर्मचारी, एसएसबी मानेभञ्ज्याङ लगायत स्थानिय सचेत नागरिकहरूको ठूलो समुहले विराट र्यालीले मानेभञ्ज्याङ बजारको परिक्रमा गर्दै हरियो बन, स्वस्थ्यको धन, प्लास्टिक प्रयोग नगरौं,जस्ता नाराहरू प्रर्दशन **गरियो।**

**कालेबुङ जिल्ला**

कालेबुङ जिल्लाको सन्तुक ग्राम पन्चायतमा इकोनोमिक रिह्याबिलिटेसन फण्डको दुरुपयोग भएको भन्दै इण्डियन जनशक्ती फ्रण्टले आज स्टेट पब्लिक इन्फर्मेसन अफिसर अनि जिल्ला अधिकारी मार्फत् एउटा आरटीआई गरेको छ। पार्टीको पक्षमा प्रवक्ता श्याम गौतम अनि बिजनबारीका संयोजक भरत तामाङले उक्त विषयबारे जानकारी दिँदै भ्रष्टचार गरे आफ्नै पार्टीको प्रधानहरुलाई समेत नछोड्ने चेतावनी दिएका छन्।

**इण्डियन गोर्खा जनशक्ति फ्रण्ट**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टका प्रमुख तथा GTA सभासद अजय एडवर्ड्सले GTA प्रमुख अनित थापालाई आज पत्रचार गर्दै GTA सभा तुरुन्त डाक्न आग्रह गरेका छन्। पत्रमा उल्लेख गरिएअनुसार GTA कानुन अनुसार वर्षमा दुईपटक सभा डाक्नुपर्ने प्रावधान भए पनि 2022 देखि हालसम्म जम्मा तीनपटक मात्र नियमित सभा र एकपटक आपतकालीन सभा भएको जनाइएको छ। एडवर्ड्सले जनप्रतिनिधिहरूको उत्तरदायित्वबारे प्रश्न उठाउँदै GTA प्रमुखलाई जनताको हितमा तत्काल कदम चाल्न आग्रह गरेका छन्। एडवर्ड्सले पत्रमार्फत नौ मुद्दाहरूमा तत्काल GTA सभामा चर्चा र समाधान आवश्यक रहेको बताएका छन्।

****** ० ******